**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय कृषि एवम् कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले घोषणा बर्ष २०२५-२६ को रबी मौसमका लागि खाद्यान्न उत्पादनको राष्ट्रिय लक्ष्य ३६२.५० मिलियन टन तोकिएको घोषणा गर्नुभएको छ।

- भारतीय सेनाका चीफ आफ स्टाफ CDS - जेनेरल अनिल चौहान आगामी १८ सितम्बरको दिन सिलगढी आउनु हुनेछ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यापाल अनित थापाले आज सिन्कोना र अन्य औषधिजन्य पौधा निर्देशालयका श्रमिकहरूको तलब वृद्धि सम्बन्धमा राज्यका श्रम मन्त्री मोलय घटकसित भेट गर्नु भएको छ ।

- चुनाउ आयोगले पश्चिम बंगालमा आगामी वर्ष हुने विधानसभा चुनावका लागि विशेष मतदाता सूची पुनरीक्षण अभियान शुरु गरेको छ।

- डुवर्स क्षेत्रका विभिन्न गोर्खा सामुदायिक संगठनहरूले फुलपाती शोभायात्रालाई राज्य पर्वको मान्यता दिनुका साथै यस दिनलाई सरकारी बिदा घोषणा गर्ने माग गरेका छन्।

**केन्द्रीय कृषि एवम् कृषक कल्याण मन्त्री**

केन्द्रीय कृषि एवम् कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले घोषणा बर्ष २०२५-२६ को रबी मौसमका लागि खाद्यान्न उत्पादनको राष्ट्रिय लक्ष्य ३६२.५० मिलियन टन तोकिएको घोषणा गर्नुभएको छ। श्री चौहानले नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनमा यो घोषणा गर्नुभयो जब उहाँले कृषि-रबी अभियान 2025 मा राज्यका कृषि मन्त्रीहरूसँग चर्चाको अध्यक्षता गर्नुभयो । यस वर्षको लक्ष्य बर्ष २०२४/२५ मा प्राप्त खाद्यान्न उत्पादनभन्दा २.४ प्रतिशत अधिक भएको मन्त्री श्री चौहानले जानकारी दिनुभयो । सम्मेलनको विषय, एक राष्ट्र, एक कृषि, एक टिमले कृषि क्षेत्रमा समन्वय र साझेदारीलाई बलियो बनाउने दिशामा महत्वपूर्ण कदमलाई प्रतिबिम्बित गरेको कृषि मन्त्री श्री चौहानले प्रकाश पार्नुभयो ।

**भारतीय सेनाका चीफ आफ स्टाफ CDS - जेनेरल अनिल चौहान -सिलगढी**

भारतीय सेनाका चीफ आफ स्टाफ CDS - जेनेरल अनिल चौहान सिलगढी आउनु हुने छ।भूतपूर्व सैनिकहरु,वीर नारीहरु तथा वीर जननीहरुको पेनसन सम्बंधित समस्याहरुको समाधानका लागि सिलगढीको बेनडुबी सैन्य स्टेशनमा आगामी १८ सितम्बर विहिवारको दिन System for Pension Administration (Raksha) - SPARSH out reach अर्थात स्पर्स पहुंच कार्यक्रमको उद्घाटन गर्नु हुनेछ। नियन्त्रक रक्षा लेखा विभाग पटना द्वारा यसको आयोजना गरिएको छ। यस कार्यक्रमले क्षेत्रका झण्डै बीस हजार भूतपूर्व सैनिकहरू,वीरनारीहरू साथै वीर जननीहरूको पेन्सन सम्बन्धित समस्याहरूको समाधान गरिने छ। सुन्नु होस हाम्रा सम्वाददाताको एक रिपोर्ट...............

बाइट अशोक....

**पर्यावरण, वन एवं जलवायु परिवर्तन मंत्री**

पर्यावरण , वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले 'भारत कुलिङ एक्सन प्लान' लागू गर्ने विश्वकै पहिलो देश भएको बताउनु भएको छ । ३१ औं विश्व ओजोन दिवसको अवसरमा नयाँ दिल्लीमा आयोजित कार्यक्रममा उहाँले दिनुभएको

भिडियो सन्देशमा भारतले हाइड्रोफ्लोरो कार्बनको उत्पादन र प्रयोग ६७ दशमलव ५ प्रतिशतले घटाउन सफल भएको जानकारी दिनुभएको छ ।

**गोर्खाल्याण्ड मुख्य कार्यापाल -मलय घटक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यापाल अनित थापाले आज सिन्कोना र अन्य औषधिजन्य पौधा निर्देशालयका श्रमिकहरूको तलब वृद्धि सम्बन्धमा राज्यका श्रम मन्त्री मोलय घटकसित भेट गर्नु भएको छ I यस भेटको क्रममा श्री थापाले सिन्कोना र अन्य औषधिजन्य पौधा निर्देशालयका श्रमिकहरूसँग सम्बन्धित केही महत्त्वपूर्ण मुद्दाहरू पेश गर्नुभयो जसमा निर्देशालय अन्तर्गत 5 हजार 3 सय 50 जना नियमित श्रमिकहरुले बितेको १३ बर्ष देखि भोग्दै आईरहेको तलब वृद्धिको समस्या लगायत अन्य आवश्यक मागहरु समावेश छन् Iश्री थापाले श्रमिकहरूले वर्षौंदेखि भोगिरहेको यो समस्याको समाधानका लागि सकारात्मक कदम चाल्न मंत्री श्री घटक समक्ष आग्रह गरिएको बताउनु भएको छ I

**पश्चिम बंगाल विधानसभा चुनाव - विशेष मतदाता सूची पुनरीक्षण प्रशिक्षण**

चुनाउ आयोगले पश्चिम बंगालमा आगामी वर्ष हुने विधानसभा चुनावका लागि विशेष मतदाता सूची पुनरीक्षण अभियान एस आई आर शुरु गरेको छ। यस अन्तर्गत राज्यभरि निर्वाचन अधिकारीहरुलाई प्रशिक्षण दिइनेछ।राज्य प्रमुख चुनाउ अधिकारी मनोज अग्रवालले आज प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्नुहुनेछ । उहाँका साथमा अतिरिक्त मुख्य चुनाउ अधिकारी दिब्येन्दु दास र अरिन्दम नेगी पनि रहनुहुनेछ । यस प्रशिक्षणको उद्देश्य प्रशिक्षकहरू तयार गर्नु हो ताकि उनीहरूले बुथ स्तरका अधिकारीहरूलाई मतदाता सूची पुनरीक्षण प्रक्रियाको बारेमा सही तरिकाले मार्गदर्शन गर्न सकून्।अर्को चरणमा सहायक जिलाधिकारी र निर्वाचक पंजीकरण अधिकारीहरुलाई प्रशिक्षण दिइनेछ । यसपछि यी अधिकारीहरूले बुथ स्तरका अधिकारीहरूलाई प्रशिक्षण दिनेछन्।

**डुवर्स क्षेत्र -फूलपाती**

डुवर्स क्षेत्रका विभिन्न गोर्खा सामुदायिक संगठनहरूले आ–आफ्नो खण्ड विकास कार्यालय मार्फत पश्चिम बंगालका मुख्यमन्त्री सुश्री ममता ब्यनार्जीलाई ज्ञापन बुझाउँदै फुलपाती शोभायात्रालाई राज्य पर्वको मान्यता दिनुका साथै यस दिनलाई सरकारी बिदा घोषणा गर्ने माग गरेका छन्।

***डुवर्सको आदिवासी गोर्खा संयुक्त समितिका अध्यक्ष सघन मोक्तानले ज्ञापन पत्रहरू एकैदिन जलपाईगुडी, कोचबिहार र अलिपुरद्वार जिल्लाका सबै खण्ड विकास कार्यालय मार्फत बुझाइएको जानकारी दिनुभएको छ I जसलाई गोर्खा समुदायको दुर्लभ एकता र सांस्कृतिक पहिचानको ऐतिहासिक अभिव्यक्ति मानिएको छ। फुलपाती शोभायात्रा, विशेषगरी दुर्गा पूजा सप्तमीको अवसरमा, गोर्खा समाजका लागि गहिरो सांस्कृतिक र आध्यात्मिक महत्व बोकेको पर्व हो। यो मात्र धार्मिक अनुष्ठान नभई शान्ति, एकता र सामुदायिक मेल मिलापको प्रतीकका रूपमा स्थापित हुँदै आएको छ।***

**मिरिक कलेज -बिकास कार्य**

मिरिक कलेजको सभा गृह अनि मिरिक सडकसम्म पुग्ने सडक व्यवस्थित गर्न विभागीय पहल शुरू भएको छ। आज यसै अनुरूप निर्माण कार्यको लागि विभागीय अभियन्ताहरुको साथमा मिरिक नगरपालिका अध्यक्ष एलबी राई अनि जीटीए मिरिक थर्बु डुपटिन समष्टिका सभासद मिलेस राई अनि स्थलगत भ्रमण गरि नापजोख गर्नुभयो I

**सिलीगुड़ी पुलिस कमिश्नर सी. सुधाकर - सुरक्षा व्यवस्था -निरीक्षण**

सिलीगुडीका पुलिस कमिश्नर सी सुधाकरले पूजाको तयारी र सुरक्षा व्यवस्थाको स्थलगत निरीक्षण गर्नुभयो I पुलिस आयुक्त सहित अन्य पुलिस अधिकारीहरूले पूजा पण्डालहरूको निरीक्षण गरेका थिए।यस वर्ष प्रत्येक क्लबका केही सदस्यलाई पुलिस ले आगो निभाउने, भीड नियन्त्रणल गायत विषयमा प्रशिक्षण दिएको छ ।

**जलपाईगुड़ी जिला - नागेश्वरी चाय बागान -विरोध प्रदर्शन**

सरकारले तोकेको २० प्रतिशत बोनसको  माग गर्दै जलपाइगुडी जिल्लाको  नागेश्वरी चिया बगानका मजदुर पुनः आन्दोलनमा उत्रिएका छन् । आज  बिहान नागेश्वरी चिया बगानमा यस मागलाई लिएर गेट मिटिङ भएको थियो । त्यसपछि श्रमिकहरू मेटेली पुलिस स्टेशन पुगे र विरोध प्रदर्शन गरे। तृणमूल कांग्रेस, भाजपा, माकपा र पश्चिमबंगाल  टी वर्कर्स कमिटीले संयुक्त रुपमा बगानमा विरोध प्रदर्शन गरे । श्रमिक नेताहरुले भने १५ तारिख सम्म  २० प्रतिशत बोनस घोषणा नगरे  १६ तारिखदेखि आन्दोलन शुरु गर्ने चेताउनी दिएका छन् ।

*********